आज मिति २०७६।०४।१२ गतेका दिन यस चौदण्डीगढी नगरपा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा तपशिलको - उपस्थितिमा नगर बोर्ड बैठक बसियो ।

तपशिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - नगर उपप्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - अध्यक्ष वडा नं. २
५. श्री परशुराम राई - अध्यक्ष वडा नं. ३
६. श्री चरण कुमार राई - ,, ,, ४
७. श्री देव नारायण चौधरी - ,, ,, ५
८. श्री कमलध्वज राई - ,, ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ,, ८
११. श्री प्रकाश राउत - ,, ,, ९
१२. श्री राम कुमार खड्का - ,, ,, १०
१३. श्री देवी कार्की - न०का०स०
१४. श्री भानुका कुमर - ,,
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री डोमा शेर्पा - ,,
१८. श्री अस्मिता नेपाली - ,,
१९. श्री प्रमिला पनुवार - ,,
२०. श्री सुन्दरप्रकाश साह - ,,
२१. श्री अम्बर ब० मगर - लेखापाल
२२. श्री नेत्र ब० वि०क० - प्र०प्रौ०

प्रस्तावहरु

१. मिति २०७६।०३।२८ देखि आएको अविरल वर्षा बाट भएको क्षति सम्बन्धमा ।
२. खेलाडी सम्मान तथा प्रोत्साहन सम्बन्धमा ।
३. नदीजन्य पदार्थ उत्खनन् संकलन सम्बन्धी IEE गर्ने सम्बन्धमा ।
४. राष्ट्रिय भूमिअधिकार मञ्चको कार्यक्रम बारे ।

६. नगर प्रहरी सम्बन्धी कार्यविधि सम्बन्धमा ।

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७६।३।२८ गते देखिको अविरल वर्षाको कारण यस नपा.को वडा नं. १ देखि १० सम्म भएको क्षतिको विवरण तपसिल अनुसार रहेको छ ।

तपसिल

१. वडा नं. १

वडा नं. १ अन्तर्गत विरेन्द्र चोक, भोलेनी, चारघरे रानीटार सडक, र चारघरे भञ्ज्याङ, दरबार, कञ्चनपुर हुँदै गडन्ता, छुइला, बाँशिला सडकको विभिन्न स्थानमा पहिरो गई सडक अवरुद्ध भएको ।

नोट:- उक्त सडक संचालनको लागि नपाले तत्काल पहिरो पन्छाउने कार्य गरि रहेको र केही सडकको पहिरो पन्छाई यातायात संचालन भै सकेको छ ।

२. वडा नं. २

वडा नं. २ को लामाखोला, माडिवास खोलामा आएको बाढीले माडिवास र सुधारेका कुलो पैनीहरुको मुहान बगाएको र माथिल्लो सुधारेको खेति योग्य जमिनहरु कटान गरि लगेको । र लामाखोला र ज्यामिरे खोलाले मदन भण्डारी राजमार्ग अन्तर्गत आँपडाँडा र बर्षे डाँडाढेउमा पटक पटक सडक अवरुद्ध भएको कारण सवारी संचालनमा अवरोध भएको ।

नोट:- नपाद्वारा तारजाली उपलब्ध गराई तटनियन्त्रणका कार्यहरु गरिएको र लामा खोला र ज्यामिरे खोलामा सडक निर्माण ठेकेदार कम्पनी समेतको सहकार्यमा पटक पटक नदिमा जाली भरि ढुंगा भरी सवारी संचालनका कार्यहरु गरिएको ।

३. वडा नं. ३

वडा नं. ३ को मदन भण्डारी राजमार्ग अन्तर्गत कालखोला बंदेलपानीमा निर्माणाधिन पुलको कारण पानी डोलिएर २०७६।३।२८ गते पश्चात सडक अवरुद्ध भएको पटक पटक प्रयास गर्दा समेत सडक सञ्चालन गर्न कठिन भएको र बेलटार, माडिवास, भोलेनी सडक अन्तर्गत करम्जे खोलाको बाढीको कारण सडक अवरुद्ध भई यातायात संचालनमा समस्या भएको ।

नियन्त्रणको लागि समेत स्थानीयको माग बमोजिम तारजाली उपलब्ध गराई नदिनियन्त्रणका कार्यहरु संचालन भइरहेको ।

पुनश्च :- रातोपहिरोमा भएको पहिरोले सार्वजनिक कुलो बगाई लगेको ।

४. वडा नं. ४

वडा नं. ४ को महादेवेश्वर टोल देखी चपटेटोल झोलुङ्गे पुल सम्म वैकल्पिक राजमार्ग जाने सडक बाढीको कारण क्षतिग्रस्त भएको र पहरेखोला, लामाखोला, करन्जे खोला, कालिखोला हरुमा लगाइएको पुराना बाँधहरु बगाए लगेको र नयाँ स्थानहरुबाट समेत बाढी पसि खेतियोग्य जमिन कटान गर्नुको साथै मानव बस्ती विद्यालय समेत जोखिममा परेको साथै वैकल्पिक राजमार्गलाई समेत असर गरेको ।

नोट :- सडक मर्मत र तारजाली भर्ने कार्य भइरहेको छ / र बाढीप्रभावित ८ घरलाई रेडक्रसको प्याकेज राहत उपलब्ध गराइएको ।

पुनश्च :- वडा नं. ४ बस्ने मन कुमार तामाङको बाढीले बगाई मृत्यु भएको छ / निजको परिवारलाई राहत स्वरुप रु. ३०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

५. वडा नं. ५

वडा नं. ५ को बेलाहा खैरा टोलका १४ घर परिवारको उद्धार गरि आधारभूत विद्यालय बेलहा सिवाइमा राखिएको र उक्त विस्थापित परिवारहरुलाई नेपाल रेडक्रस सोसाइटीको प्याकेज राहत सहित प्र.जि.का. बाट खाद्यान्न, लत्ताकपडा, औषधी उपचार सेवा समेत उपलब्ध गराइएको साथै सुन्दरपुरको दक्षिणपट्टि जंगलबाट आउने खहरेको कारण सडक अवरुद्ध भएको ।

नोट :- बेलहा खैरा टोलका विस्थापित परिवारहरुलाई पुनःबास गराउनुको साथै त्रियुगा बाँध कुटेको स्थानमा स्थानीय बासी, सुरक्षा कर्मी समेतको सहकार्यमा बाँध निर्माण गरिएको साथै बाढी प्रभावित क्षेत्रमा नदि नियन्त्रणको लागि नगरपालिकाको पहलमा स्थानीय जनप्रतिनिधि ज्यूहरुको सक्रियतामा तारजाली सहित नदि नियन्त्रण कार्य गरियो ।

६. वडा नं. ६

वडा नं. ६ मा पर्ने द्वारखोलामा रहेको पक्की पुलमा बाँधकोलागि लगाएको तारजालीमा क्षति पुऱ्याएको र अन्य सडकहरुमा समेत यातायात संचालनमा कठिनाइ भएको ।

७. वडा नं. ७

वडा नं. ७ को साध्येलमा विधुतफालेहरु बगाएको, बेल्टार-सिद्धिपुर सडक अन्तर्गत बेल्टार पशुहाटिया देखि माथिको सडकहरु क्षतिग्रस्त बनाएको, श्रीपञ्चामी कुलो बगाएको, पशुहाटिया आसपासका बस्तिहरुमा बाँध फुटाई बाढी पसेको, वडा नं. ७ र ८ को सिमानामा पर्ने मारेखाडी खोलामा आएको बाढीले यातायात सेवा बन्द भएको।

नोट:- पशुहाटिया माथि छुरखोला नियन्त्रणको लागी बाँध निर्माण (तारजाली भर्ने) कार्य भएको र बेल्टार सिद्धिपुर सडक र मारेखाडीमा समेत ~~[illegible]~~ बाटो मर्मत गर्ने कार्य गरिएको।

पुनश्च:- त्रायखोलाले मदन भण्डारी राजमार्ग अवरुद्ध गरेको, पुरानो बाँध ~~८. वडा नं. ८~~ र होमपाइप बगाई मदन भण्डारी राजमार्ग देखि बिमला ~~वडा नं. ८~~ बिष्टको घर सम्मको जमिनहरु कटान गर्नुको साथै लाखा हटियाको बाँधको जाली कटान गरि लगेको।

८. वडा नं. ८

वडा नं. ८ को विरेन्द्र बजार देखी सुधानगरी सम्मको सडक, विरेन्द्र बजारदेखी वडा कार्यालय ~~हो~~ च्मोरे जाने सडक, साउने धाप्लाङ सडकका विभिन्न स्थानहरुमा पहिरो गई सडक अवरुद्ध भएको र पहिरोको कारण वीरबल राईको घर पूर्णरुपमा जोखिममा परेको साथै जुडुङ्गेनटार साना सिंचाई लगाएतका कुलोहरु बगाई लगेको, छुरखोला मुहान भएको कामिटार कुलाको बाँध र मुहान ~~[illegible]~~ बगाई लगेको।

नोट:- नपा. बाट बेल्टार बाँशिला, बेल्टार, साउने र बेल्टार ८ नं. वडा कार्यालय च्मोरे सडक मर्मत कार्य भईरहेको र विभिन्न खहरे नियन्त्रणको लागि तारजाली लगाउने कार्य भईरहेको।

९. वडा नं. ९

वडा नं. ९ को राजाबास, पूर्वघोल ज्यामिरे लाई त्रियुगा बाढीले क्षति पुऱ्याएको र ४ घरपरिवार पूर्णरुपमा विस्थापित भएको र १ जना घाइते समेत भएको।

नोट:- [illegible]

लगायत राहतका सामानहरु उपलब्ध गराएको साथै रेडक्रस बाट प्राप्त राहत प्याकेज समेत उपलब्ध गराइएको। साथै नपा को पहलमा जनप्रतिनिधि, स्थानीय बासि, सुरक्षा कर्मी समेतको सहकार्यमा त्रियुगा नदिमा बाँध निर्माण तथा नदि नियन्त्रण कार्य गरिएको।

पुनश्च:- धिडिखोलाको कारण अजगडा बस्ति जोखिममा रहेको, डुङ्गाहा खोलाले भगवति मा.वि. सहित बस्ती उच्च जोखिममा रहेको र हडिया खोलाले खेतियोग्य जमिन कटान तथा बस्ति प्रभावित र भरौलि खोलाले खेतियोग्य जमिन कटान तथा माछा पोखरिहरुमा क्षति पुऱ्याउनुको साथै केहि बस्तिहरुमा समेत प्रभाव पुऱ्याएको।

१०. वडा नं. १०

वडा नं. १० को देवद्वार खोलाको कारण खोला वारीपारी पुर्व बस्तिमा क्षति पुऱ्याएको तथा खेति योग्य जमिन कटान गरि लगेको, अँधेरी खोला र त्रियुगा खोलाको बाढीले देवनटोल, शिवनगर टोल र अँधेरीको गरि ८ घर परिवार विस्तापित भएको, त्रियुगा खोलाले खैरा चौरी, अँधेरी चौरी, बकाँया चौरी समेत गरि करिव ८२ बिगाहा खेति योग्य जमिनमा बालुवा भरेको। गाइघाट फत्तेपुर सडक, हडिया बेल्टार सडक लगायत वडाका स्थानीय सडकहरु अवरुद्ध भएको।

नोट:- विस्तापित घर परिवारहरुलाई राहत वितरण गरिएको

अन्य क्षतिहरु:- वडा नं. ८ को सिद्धिपुरमा रहेको नेपाल टेलिकमको टावरमा चट्याङ् परी क्षतिग्रस्त भएको र सोहि टावर हेराल माेहाके बाँ राईको घरमा समेत क्षति पुगी घरमा रहेका टि.भि. लगायतका विद्युतिय तथा इलेक्ट्रिकल सामानहरु पुर्णरुपमा क्षति भएको। र वडा नं. ४ को स्यालखहरे सुखा खोला र ११ घरे तीनदोभानले समेत बस्तीहरुमा क्षति पुऱ्याएको।

उपरोक्त अनुसारको क्षतिको विवरण ...

समन्वय समितिको कार्यालय, जि.प्र.का. लगाएतका निकायहरुमा पठाउने निर्णय गरियो। साथै उक्त बाढी ग्रस्त स्थानहरुमा यातायात संचालन बाधितकाल तथा विस्थापित परिवारहरुलाई वितरण गरिएको राहतमा भएको खर्चहरुको अनुमोदन गर्ने निर्णय गरियो। र उक्त खर्चहरुको बिल भरपाई प्राप्त भएपश्चात भुक्तान गर्ने निर्णय गरियो।

नि.नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा मुख्यमन्त्री लिग - फुटबल खेलमा उदयपुर जिल्लाको अन्तरक्लब जिल्ला लिग प्रतियोगितामा प्रथम भई बेल्टार एकता युवा क्लबको चौ.न.पा.-८ले चौदण्डीगढी नपाको ~~नाम~~ खेलमार्फत पहिचान बढाएकोले सम्मान तथा प्रोत्साहनको लागि मिति २०८१।४।२१ गते नपा.मा बोलाई सम्मान गर्ने निर्णय गरियो।

नि.नं.३ प्रस्ताव नं.३ ~~बोल~~ माथि छलफल गर्दा यस नपा. क्षेत्रमा रहेका नदिजन्य पदार्थ संकलन तथा उत्खनन गर्न मिल्ने सम्भावित तपसिलका खोलाहरुको ~~बात~~ प्रारम्भिक वातावरणीय - प्रभाव मुल्याकन (IEE) गराउने निर्णय गरियो।

तपसिल

1. ढाँगो खोला - वडा नं. १ (ढुंगा)
2. माडिवास सिरान विर्ता चप्लेटी खोला वडा नं. १ (ढुंगा)
3. माडिवास खोला सर्वे, लामा खोला गंगटे चौलसी, प्रधो चोग (ढुंगा गिट्टी) वडा नं. २
4. कालीखोला (शनिवारे - बदेलपानी) ढुंगा गिट्टी) वडा नं. ३
5. लामाखोला, कालीखोला (ढुंगा गिट्टी) वडा नं. ४
6. रिवाई खोला, त्रियुगा खोला (बालुवा, गिट्टी) वडा नं. ५
7. डुारखोला (ढुंगा गिट्टी) वडा नं. ६
8. डुारखोला (ढुंगा गिट्टी) वडा नं. ७
9. डुारखोला, अप्राहा खोला (ढुंगा गिट्टी) वडा नं. ८
10. त्रियुगा, डुारखोला, भरौली खोला (ढुंगा, गिट्टी, बालुवा) वडा नं. ९
11. देवधार खोला, खैरा खोला, घोरमुना खोला (ढुंगा गिट्टी) वडा नं. १०

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नपा को ६ नं. वडा कार्यालयको च.नं.४० मिति २०७६।०१।१२ को प्राप्त पत्रको सम्बन्धमा राष्ट्रिय भूमिअधिकार मञ्चले – अव्यवस्थित बसोबास तथा सुकुम्बासीहरुको स्थलगत लागत संकलन गर्ने सम्बन्धमा यस नपा को पूर्वबोर्ड बैठकको निर्णय बमोजिम नै १० वटै वडामा एकैसाथ कार्य संचालन गर्ने जानकारी गराउने अन्यथा एकै– साथ सबै वडामा लागत संकलन गर्न सम्भव नभएमा कुनै पनि वडामा लागू नगर्ने निर्णय गरियो। साथै उक्त जानकारी राष्ट्रिय भूमि अधिकार मञ्चलाई जानकारी गराउने निर्णय गरियो।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश सरकार द्वारा जारी स्वीकृत कार्यविधि अनुसार सबै जनप्रतिनिधिहरुको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा नपाको विभिन्न क्षेत्रको आवश्यकतालाई मध्येनजर गर्दै यस नपा को चालु आ.व. ०७६।०७७ को नीति तथा कार्यक्रममा व्यवस्था भए बमोजिम नगर प्रहरी गठनको लागि नगर प्रहरी संचालन कार्यविधि तत्काल बनाई – आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।